# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, माघ ४ गते २०३३ साल


श्री ५ को सरकार

### राष्ट्रिय शिक्षा समितिको

### सूचना

राष्ट्रिय शिक्षा समिति (पहिलो संशोधन) नियमहरू, २०३३

राष्ट्रिय शिक्षा समिति नियमहरू, २०२९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, राष्ट्रिय शिक्षा समिति ऐन, २०२८ को दफा ६ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय शिक्षा समितिले बनाएको देहायका नियमहरूलाई श्री ५ महाराजाधिराजबाट स्वीकृति ...को छ।

...संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "राष्ट्रिय शिक्षा समिति (पहिलो संशोधन) नियमहरू, २०३३" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

...राष्ट्रिय शिक्षा समिति नियमहरू, २०२९ को नियम ३ मा संशोधनः– राष्ट्रिय शिक्षा समिति नियमहरू, २०२९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को ...सट्टा देहायको नियम ३ राखिएको छः–

(३) सचिवको काम, कर्तव्य र अधिकारः– सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्:–

(क) सदस्यहरूसंग परामर्श गरी बैठकमा गर्नुपर्ने छलफलको विषयसूची तयार पार्ने,

(ख) समितिको काम कारवाई, आदेश तथा निर्णयलाई प्रमाणित गर्ने र सम्बन्धित सबैलाई सूचना दिने,

(ग) शिक्षाको क्षेत्रमा अनुसन्धान र प्रबर्द्धन कार्यहरू गर्ने गराउने,

(घ) शिक्षाका विभिन्न क्षेत्रहरूको वार्षिक लक्ष्यसमेत उल्लेख गरी कार्य–योजना तयार पार्ने ।

३. मूल नियमावलीको नियम ४ मा संशोधनः–मूल नियमावलीको नियम ४ को उप-नियम (२) मा रहेको समितिका "पदेन सदस्य शिक्षा राज्यमन्त्रीले" भन्ने शब्द-हरूको सट्टा "उपाध्यक्षले" भन्ने शब्दहरू राखिएका छन् ।

४ मूल नियमावलीको नियम ६ मा संशोधनः– मूल नियमावलीको नियम ६ को,

(१) शीर व्यहोराको सट्टा देहायको शीर व्यहोरा राखिएको छः–
समितिले अधिकार प्रयोग गर्नेः– राष्ट्रिय शिक्षा पद्धतिको योजना कार्यान्वियन गर्न समितिले २०३३ साल वैशाख ५ गतेदेखि पाँच वर्षसम्मको लागि देहायबमोजिमको अधिकार प्रयोग गर्नेछ ।

(२) खण्ड (ग) मा रहेको "आवश्यकतानुसार" भन्ने शब्दको सट्टा "आवश्यकतानुसार २०३७ साल आषाढ मसान्तसम्मको लागि" भन्ने शब्दहरू राखिएका छन् ।

५. मूल नियमावलीमा नियम ६ क र ६ ख थपः– मूल नियमावलीको नियम ६ पछि देहायको नियम ६ क र ६ ख थपिएका छन्:–

"६ क शिक्षा विकास कोषः– (१) समिति अन्तर्गत एउटा शिक्षा विकास कोष (यसपछि "कोष" भनिएको) हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन्:–

(क) श्री ५ को सरकारबाट प्राप्त अनुदान,

(ख) अन्य स्रोतबाट प्राप्त अनुदान,

(ग) कोषको लगानीबाट प्राप्त आम्दानी ।



(२) कोषको रकम शिक्षाको विकासको लागि समितिले निर्णय गरे अनुसार खर्च गरिनेछ ।

(३) कोषको सञ्चालन समितिले तोकेबमोजिम हुनेछ ।

(४) कोषको लेखा श्री ५ को सरकारले अपनाएको तरीकाबमोजिम राखिनेछ ।

(५) कोषको लेखापरीक्षण प्रचलित नेपाल कानूनबमोजिम महालेखापरीक्षकको विभागबाट हुनेछ ।

६ ख. अधिकार प्रत्यायोजन गर्न सक्नेः– समितिले आवश्यकतानुसार आफ्नो अधिकार कुनै उप–समिति वा पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

आज्ञाले–
ठाकुरमान शाक्य
सदस्य–सचिव
राष्ट्रिय शिक्षा समिति